# समुदाय-प्रहरी साझेदारी
# (Community-Police Partnership)

## नेपाल प्रहरी र नेपाल स्काउट
## बीचको समझदारीपत्र
## (Memorandum of Understanding)

नेपाल प्रहरीको अपराध रोकथाम, सामुदायिक सचेतना अभिवृद्धि र समग्रमा सामुदायिक सुरक्षाको प्रणालीगत सुधार गरी *शान्तिपूर्ण र सुरक्षित समाज निर्माणका लागि* **'समुदाय-प्रहरी साझेदारी'** को अवधारणा र नेपाल स्काउटको "बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूप अनुशासित, स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिबृद्धि गर्दै देश विकासको कार्यमा सहभागी गराउने लक्ष्य प्राप्तिका लागि संस्थागत साझेदारी निर्माण गरी साझा उद्देश्य र कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गर्ने उद्देश्यले नेपाल प्रहरी र नेपाल स्काउट बीच देहाय बमोजिम गर्ने गरी यो समझदारी गरिएको छ।

### १. साझेदारी

नेपाल प्रहरी र नेपाल स्काउट बीच केन्द्रीय तहदेखि जिल्ला, पालिका स्तरसम्म 'समुदाय-प्रहरी साझेदारी' को अवधारणा अनुरुप साझेदारी र सहकार्य हुनेछ। नेपाल स्काउटका जिल्ला, पालिका स्तरका संरचनाहरु समुदाय-प्रहरी साझेदारीका जिल्ला र पालिका समितिका सदस्यको रुपमा रहनेछन्।

### २. कार्यक्रम कार्यान्वयन

अपराध रोकथाम, सुरक्षा सचेतना अभिवृद्धिका सामुदायिक र विद्यालय सम्पर्क कार्यक्रमहरु (बिशेष गरी लागूऔषध नियन्त्रण, महिला तथा बालबालिका माथि हुने अपराध, सडक सुरक्षा ईत्यादि) संयुक्त रुपमा

कार्यान्वयन गरिनेछ । कुनै एक पक्षले आयोजना गरेको कार्यक्रममा अर्को पक्षले साझेदारको रुपमा सहभागिता र योगदान गर्नेछ । नेपाल प्रहरीले आयोजना गरेका 'समुदाय-प्रहरी साझेदारी' का समुदाय र विद्यालय केन्द्रित कार्यक्रमहरुमा नेपाल स्काउटले सक्रिय सहभागिता र योगदान गर्नेछ । यसै गरी नेपाल स्काउटले आयोजना गरेका कार्यक्रमहरुमा नेपाल प्रहरीले सक्रिय सहभागिता र योगदान गर्नेछ ।

## ३. श्रोत व्यक्तिको आदान प्रदान

नेपाल स्काउटका कार्यक्रमहरु र सदस्यहरुको क्षमता अभिवृद्धिका लागि नेपाल प्रहरीले दक्ष प्रशिक्षकहरु उपलब्ध गराउनेछ । नेपाल स्काउटका पदाधिकारीहरु र स्काउटहरु (Rover, Ranger & Scouters) ले समुदाय-प्रहरी साझेदारी अन्तर्गतका सामुदायिक र विद्यालय कार्यक्रमहरुमा प्रशिक्षकको रुपमा योगदान गर्नेछन् ।

## ४. एकीकृत स्वयंसेवक परिचालन

विपद व्यवस्थापन, विशेष अभियानहरु र जनचेतना अभिवृद्धिको लागि नेपाल प्रहरी र नेपाल स्काउटका सदस्यहरु एकीकृत रुपमा परिचालन हुनेछन् । नेपाल प्रहरीका स्थानीय इकाईहरुले समुदाय-प्रहरी साझेदारीको अवधारणा अनुरुप एकीकृत स्वयंसेवक परिचालनको संयोजन गर्नेछन् ।

आवश्यकता अनुसार यस्तो एकीकृत परिचालनको लागि Emergency and Rescue Drill को संयुक्त अभ्यास गरिनेछ । नेपाल स्काउटका सदस्यहरुलाई सडक सुरक्षा, विपद व्यवस्थापन जस्ता विषयहरुमा व्यवहारिक अभ्यास गराईनेछ । यसरी स्वयंसेवकको रूपमा परिचालन भएका विद्यार्थीहरूलाई नेपाल प्रहरीले सामुदायिक सेवाको प्रमाणपत्र प्रदान गर्नेछ ।

## ५. प्रहरीसँग एक दिन

नेपाल स्काउटका सम्पूर्ण सदस्यहरुलाई 'समुदाय-प्रहरी साझेदारी' अन्तर्गतको 'प्रहरीसँग एक दिन' कार्यक्रम सञ्चालन गरिनेछ । साथै नेपाल स्काउटका जिल्ला स्थित कार्यालयहरुले नेपाल प्रहरीका महानगरीय प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी निश्चित तालिका बनाए सम्पूर्ण

स्काउटहरुलाई यो समझदारी भएको मितिले तीन महिनाभित्र प्रहरी कार्यालयको भ्रमण गराई प्रहरी कार्य र सेवा प्रवाहको बारेमा अभिमुखीकरण गराई व्यवहारिक र सैद्धान्तिक ज्ञान प्रदान गर्नेछन् ।

**६. सुरक्षा सचेतना अभिवृद्धि**

नेपाल प्रहरीले नेपाल स्काउटका पदाधिकारी र स्काउट मास्टर, रोभर रेञ्जरको लागि समुदाय-प्रहरी साझेदारी अन्तर्गत लागूऔषध नियन्त्रण, साईवर अपराध, लैङ्गिक हिंसा र अपराध लगायतका नविन सुरक्षा र अपराध चुनौतिहरू (Emerging Security/Criminal Threats) का बारेमा सुरक्षा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नेछ । समुदाय र विद्यालयमा सुरक्षा सचेतना अभिवृद्धिका कार्यक्रमहरु साझेदारीको मान्यता अनुरुप संयुक्त रुपमा सञ्चालन गरिनेछ ।

**७. क्षमता अभिवृद्धि**

नेपाल प्रहरीले प्रशिक्षण ईत्यादिको माध्यमबाट नेपाल स्काउटको क्षमता अभिवृद्धिमा सहयोग गर्नेछ । नेपाल स्काउटका सदस्यहरुको नेतृत्व विकासमा नेपाल प्रहरीले सहयोग गर्नेछ । नेपाल स्काउटले विभिन्न परियोजना, योजना अन्तर्गत साझेदारीका क्षेत्रहरुमा नेपाल प्रहरीको क्षमता अभिवृद्धिमा सहयोग गर्नेछ ।

**८. सूचनाको आदान प्रदान**

दुबै पक्षबाट संस्थागत गोपनीयता, अनुसन्धानको क्रममा रहेका विषय र परिस्थितिजन्य कारणले प्रकाशन गर्न अनुपयुक्त सम्वेदनशील सूचनाहरू बाहेक शोध, अध्ययन र योजनाको लागि सूचना र तथ्याङ्कहरूको सहज रूपमा आदान प्रदान गरिनेछ ।

**९. भ्रमणको आदान प्रदान**

दुबै पक्षको आपसी सल्लाहमा आवश्यकता अनुसार केन्द्रीयदेखि स्थानीय तहसम्म संस्थागत भ्रमणको आदान प्रदान गरिनेछ ।

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय, नक्साल

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय

**१०. सम्पर्क विन्दु (Focal Point)**

समझदारी कार्यान्वयनको लागि नेपाल प्रहरीको तर्फबाट प्रहरी प्रधान कार्यालय, सामुदायिक सुरक्षा महाशाखा प्रमुख र नेपाल स्काउटको तर्फबाट प्रदिप बगाले, सहायक निर्देशक (संगठन बिकास) ले Focal Point को रूपमा समन्वय गर्नेछन्।

नेपाल स्काउटको तर्फबाट हस्ताक्षर गर्ने

**लोक बहादुर भण्डारी**
**(प्रमुख आयुक्त)**

नेपाल प्रहरीको तर्फबाट हस्ताक्षर गर्ने

**सर्वेन्द्र खनाल**
**(प्रहरी महानिरीक्षक)**

२०७६ साल माघ महिना १५ गते, बुधवार।